*[संवत् २०५८ सालको पुरस्कार 'जगदम्बा-श्री' श्री कृष्णप्रकाशलाई र सोही सालको 'मदन पुरस्कार' 'नेपाली कानुनको ऐतिहासिक रूपरेखा' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री रेवतीरमण खनाललाई समर्पण गर्न संवत् २०६० साल आश्विन ११ गते रोज १ का दिन आयोजित समारोहमा गुठीका अध्यक्षले गर्नुभएको स्वागत-भाषण । यो भाषण 'नेपाली' त्रैमासिक अङ्क १७६ बाट उद्धृत गरिएको हो ।]*

*ॐ असतोमा सद्गमय: तमसोमा ज्योतिर्गमय:*
*मृत्योर्मा अमृतं गमय: ॐ शान्ति: शान्ति: शान्ति:*

आदरणीय सम्मानित ब्यौलाहरू, नायबबडागुरुज्यू, श्रद्धेय राष्ट्रकविज्यू तथा सभ्यगण !

२०५८ सालको मदन पुरस्कार समर्पण गर्ने समारोहमा म तपाईंहरूको स्वागत गर्दछु । सधैंझैं म सर्वप्रथम तपाईंहरूलाई लेफ्टिनेन्ट जनरल मदनशमशेर र रानी जगदम्बालाई एकपटक सम्झिदिनुहुन आग्रह गर्दछु र उहाँहरूलाई मनैमन स्वागत गर्दछु ।

रातो बङ्गला स्कूलको यस प्राङ्गणमा मदन पुरस्कारको समारोह अनुष्ठित हुनुको एउटा छुट्टै महत्त्व छ भन्ने मलाई लाग्छ । यो रातो बङ्गला भन्ने सानो घर स्वर्गीय लेफ्टिनेन्ट जनरल मदनशमशेरले आफैले निर्माण गराएको एउटा मात्र भवन हो । उहाँको आफ्नो निवास श्रीदरबार उहाँका पिता महाराज चन्द्रशमशेरले बनाइदिएको हो । यसैको निकट रहेको त्यो भव्य दरबारको ऐले नामोनिसान बाँकी छैन ।

कृष्णप्रकाश श्रेष्ठज्यू, ६ हजार किलोमिटर नाघेर तपाईं हाम्रो इज्जत राख्न आइदिनुभयो । हामीहरू कृतकृत्य भएका छौं । तपाईं समारोहमा उपस्थित हुन सक्नुहुन्न कि भन्ने हामीहरूलाई डर थियो । आइपुग्नुभयो । म तपाईंलाई लामो स्वागत जनाउँछु । तपाईंलाई 'खोजेर' पुरस्कृत गरेको भनेर हामी यहाँ धेरै नै स्याबासी पाइरहेका छौं, धन्यवाद खाइरहेका छौं । तर हामी त्यस जसका हकदार

होइनौं ।तपाइंको भापासेवाको सुवास त्यति परदेखि आफै मगमग आइरहेको थियो । हामीले त त्यो सुगन्ध टिपेका मात्र हौं । 'जगदम्बा-श्री' तपाइंको प्राप्तव्य नै थियो भन्ने मेरो विश्वास छ । म तपाईंलाई पुनः स्वागत भन्दछु ।

रेवतीरमण खनालज्यू, 'मदन पुरस्कार'सँग तपाईंको संलग्नता आजको होइन। फन्डै ४० वर्षअघि मदन पुरस्कार पुस्तकालय तपाईंको नियमित गन्तव्यस्थल रहेको थियो भन्ने मलाई सम्झना भइरहेछ। ठाउँ उही हो तर आज तपाइं हाम्रा सम्मानित पाहुना, 'व्यौला' वनेर आउनुभएको छ। मदन पुरस्कार गुठीको तर्फबाट म तपाईंलाई स्वागत निवेदन गर्दछु ।

खनालज्यू, सुरुमा 'मदन पुरस्कार' ४ विधामा दिइन्थ्यो। गद्य साहित्य, पद्य साहित्य, सामाजिक शास्त्र र विज्ञानमा एकएक । पछि पुरस्कारको सङ्ख्या घटाउँदै रकम बढाउँदै गयौं हामी र अब एउटा मात्र दिने अवस्थामा छौं । 'मदन पुरस्कार' साहित्यिक पुरस्कार होइन, यो भापिक पुरस्कार हो, नेपाली वाङ्मयको पुरस्कार हो । तर यो कुरा विद्वानहरूलाई वुझाउन हामीलाई हम्मे परेको छ। वर्षभरमा प्रकाशित नेपाली भाषाका सयौं ग्रन्थहरूमध्ये सवैभन्दा महत्त्वपूर्णलाई छानेर यो पुरस्कार दिइन्छ । त्यो कुरा वताउनलाई यस वर्ष तपाइंको किताबले हामीलाई सघायो। रेवतीरमणज्यू, त्यसैले हामी तपाइंको गुन मान्छौं । २०१२ सालमा स्व. शम्भुप्रसाद ज्ञवालीले 'मदन पुरस्कार'को नियमावली वनाउँदा सर्वश्रेष्ठको परिभाषा गर्दा– "त्यस ग्रन्थले अरू ग्रन्थको अपेक्षा महत्त्वपूर्ण कुरा प्रदान गरी वा प्रकाशमा ल्याई नेपाली भाषाका वाङ्मयलाई समृद्ध तुल्याएको समेत हुनुपर्छ" भनेर लेखिदिनुभएको थियो। त्यस कुराबाट आजसम्ममा गुठी विचलित भएको छैन। यस वर्षको तपाइंको "नेपाली कानुनी इतिहासको रूपरेखा" भन्ने ग्रन्थ पनि त्यही परिभाषाअन्तर्गत पुरस्कृत भएको हो। त्यस्तो ग्रन्थ प्रस्तुत गर्ने तपाईंलाई म हार्दिक स्वागत गर्दछु ।

नायवबडागुरुज्यू, हाम्रो आग्रह स्वीकार गरेर हामीहरूको हौसला बढाइदिन र केही अर्तिउपदेश प्रदान गर्न उपस्थित हुनुभएकोमा 'मदन पुरस्कार' परिवार तपाईंप्रति अनुगृहीत छ। म तपाईंलाई यस विद्वद्सभामा स्वागत गर्दछु ।

विद्वान् वन्धुहरू, अभ्यागतवर्ग, सानो ठाउँ छ, धेरै जनालाई हामी स्वागत गर्न पाउँदैनौं। गत अठ्चालीस वर्षदेखि हामी यसै भन्दै आएका छौं। आज पनि त्यही भन्छु, तपाइंहरू यहाँ थोरै जना मात्र स्वयम् उपस्थित हुनुहुन्छ। तर हाम्रा लागि यहाँ तपाईंको उपस्थितिको गरिमा अत्यन्त ठूलो छ। तपाईंहरूका रूपमा म नेपाली वाङ्गमयसेवी र साहित्य-प्रेमीहरूको विराट स्वरूपको दर्शन पाइरहेछु । तसर्थ यस समारोहमा म तपाईंहरूलाई अत्यन्त न्यानो स्वागत गर्दछु ।

जय होस् !

⊠ ⊠ ⊠